बालबालिकाहरूलाई छाडा गरेर छोडिदिए भने त्यस्को परिणाम कस्तो हुन्छ? यदि तपाईंले भूलै गर्नुभयो भने, कुन पक्षलाई अपनाएर भूल गर्नु असल हुन्छ?

पौराणिक समयमा इजरायलमा धार्मिक राज्य थियो जहाँका जनताहरूले परमेश्वरको नीति निर्देशनमा चल्न उहाँले नवि वा अगमवक्ताहरू खटाउनुभएको थियो। येशुको समयमा रोमीहरूले राजनीतिक आधिपत्य जमाए तापनि मानिसहरू आत्मिक रूपमा परमेश्वरको सर्वोच्च शासनलाई स्विकार गरून् भनेर उहाँले अपेक्षा गर्नु भएको थियो। त्यस ताकाका यहुदी राज्य र अहिले एसडीए चर्चमा के समानान्तरता तपाईंले पाउनुभएको छ? उनीहरूले चलेका चालहरूबाट वा व्यवहारहरूबाट हामीले कस्तो शिक्षा सिक्नुपर्दछ? के उनीहरूबाट सिकिरहेका छौं? रोमी १५:४ मा लेखिएका छन्: “अघिअघि लेखिएका कुराहरू हाम्रो शिक्षाका निम्ति लेखिएका थिए, यस उद्देश्यले कि पवित्र शास्त्रबाट आउने स्थिरता र उत्साहद्वारा हामी आशा प्राप्त गर्न सकौं।" तर पवित्र शास्त्र नै नपढी र त्यसलाई आत्मसात् नगरी हामी कसरी सक्षम र सफलतापूर्वक परमेश्वरको दयालाई प्रेषित (सञ्चार) गर्न सक्दछौं?





# येशुको प्रेममा कोमलता र स्नेहशीलता

**यस अध्यायका लागि पढ्नुहोस्:** मत्ती ५:४४-४८, १९:१३,१४, २३:३७, लुका १०:३८-४२, युहन्ना ८:२-११, प्रेरित ६:७

**<u>स्मरण गर्नुपर्ने पद:</u>** “जब उहाँले भीडहरूलाई देख्नुभयो, उहाँको कोमल हृदय तिनीहरूका निम्ति दयाले द्रवित भयो (पग्ल्यो)। किनभने तिनीहरू निरुत्साह, हैरान र असहाय भएका थिए, र गोठालाबिनाका भेडाहरूजस्तै जतातते छरपस्ट (तितरबितर) भएका थिए।" मत्ती ९:३६।

पालेस्टाइनका धेरै भूभागहरूमा “परमेश्वरको राज्यको सुसमाचार प्रचार गर्दै हरेक प्रकारका रोग र बिमारलाई निको पार्दै येशु हिँड्नु भयो" भनेर मत्ती ९:३५ ले भन्दछ। आजका मानिसहरूले कसैले कसैलाई सहायता गर्न खोज्यो भने त्यसमा केही स्वार्थ छ भनेर सहायता पाउनुबाट हच्किन्छन्। यस्तो परिवेशमा येशुको सेवाकार्य हाम्रा लागि सुमधुर ताजा हावाले फुर्तिलो पारेको जस्तै आभास हुन्छः उहाँको चोखो प्रेम, जसलाई दया, करुणा, अनुकम्पा, माया भनेर वर्णन गरिएको छ (पद ३६)। मानिसहरूप्रति उहाँको कोमल हृदय दयाले पग्लियो; र उहाँको मन तिनीहरूतिर लागेको थियो। यस्तै सार्वजनिक रूपमा सरोकार मर्कुस ८:१-३मा पनि देखाउनुभएको थियो भनेर उल्लेख गरिएको छ। यहाँ मानिसहरू बाटोमा भोकले मुर्छा पर्छन् भनेर येशुले सरोकार देखाउनुभएको थियो, “किनभने तिनीहरू मसँग रहेको तीन दिन भइसक्यो," उहाँले आफ्ना चेलाहरूलाई समयको ख्याल गर्न सम्झाउनुहुन्छ र भन्नुहुन्छ, “तिनीहरूलाई खानेकुरा देऊ। यदि उनीहरूलाई भोकै घरमा पठाइयो भने तिनीहरू बाटोमा ढल्नेछन् किनभने धेरै मानिसहरू टाडाटाडाबाट आएका छन्।" (पद २,३)।

उहाँले देखाउनुभएको यस सरोकारले उहाँको कोमल हृदयको उजागर गर्दछ, र यसले येशुका बारेमा धेरै कुराहरू बताउँछ। उहाँलाई श्रोतावर्गको जानकारी थियो। उनीहरूको आवश्यकतालाई पूरा गर्न

जोड दिनुभयो। उहाँ केवल उनीहरूबाट अलग भएर, कुनै कुटीमा वा रुखमुनि बसेर मुखले मात्र सहानुभूति प्रकट गर्नुभएन बरु उनीहरूको दर्द र असक्तताको आफैले अनुभूत गर्नुभयो। न त हामीलाई उहाँले जस्तै गर भनेर भन्नु भएको छ वा उहाँले झैं नक्कल गर्नुपर्छ भन्ने अपेक्षा गर्नुभएको छ। येशु आफै पनि ४० दिन केही नखाई उपवास बस्नु भएकोथियो भने तापनि तीन दिनसम्म भोकै रहेर उहाँको प्रवचन सुनिरहँदा उनीहरूको स्वास्थ्य र सुरक्षाप्रति चिन्तित हुनुभएको थियो (कसैकसैले खाजा त खाएकै होलान्)।

यस प्रकारको कोमल दया, माया, स्नेह, प्रेमाभावको रूपरेखा हामी यस अध्ययनमा हेर्न खोज्दछौं। येशुले यस्तो सद्चरित्र मानिसहरूको व्यक्तिगत जीवनमा र पूरा इजरायल राष्ट्रमै कसरी अवगत गराउनुभयो भनेर हेरौं।

**१. व्यभिचारमा पक्रिएकी स्त्रीप्रति स्नेह (युहन्ना ८:२-११)**

धर्मका पोसाक लगाएका पण्डितहरूले व्यभिचारमा संलग्न एक अबला नारीलाई लछारपछार गर्दै येशुको सम्मुख हुत्त्याएको घटना उपर्युक्त पदहरूमा पढ्नुहोस्। त्यस स्त्रीलाई जानाजानी फसाइएको थियो भनेर एलेन जि ह्वाइटले भन्नुभए तापनि (*द डिजाएर अभ एजेज्,* पृ. ४६१) उनलाई निर्दोष त भन्न मिल्दैन। यद्यपि, उनलाई येशुले कस्तो भद्र व्यवहार गर्नुभयो? यसबाट हामीले के पाठ सिक्नसक्छौं?

"म पनि तिमीलाई दोष दिन्न, तर गएर पाप नगर" येशुले भन्नुभएको कुरामा एलेन जि ह्वाइटले यसरी टिप्पणी गर्दछिन्, "त्यस अबला स्त्रीलाई क्षमा दिइ अभयदानको अनुभूति प्राप्त गर्न दिएर, र नैतिक रूपमा स्वस्थ जीवन निर्वाह गर्न प्रोत्साहन दिएर येशुको सिद्ध धर्मपरायण चरित्रको शोभालाई चम्काउनु भएकोथियो। जब उहाँले पापलाई मत्थर गराउन खोज्नुहुन्न, न त कसैलाई अधर्मप्रति संवेदनशील नहुन नदिएतापनि, उहाँले दोष खोज्नुहुन्न किनभने उहाँ संसारलाई दोषी ठहराउन होइन बरु उद्धार गर्न वा दोषमुक्त गर्न आउनुभएको हो। संसारले कसुरमा लागेका यस्ता अबला स्त्रीप्रति केवल रिस, घृणा



कठोर चोट पुग्ने शव्दहरू बोल्नुपर्दा उहाँको आँखामा आँसुले भरिएको थियो। सत्यलाई उहाँले कहिल्यै पनि कठोरतापूर्वक प्रस्तुत गर्नुभएन, तर मानव जातिका लागि गहिरो कोमलता दर्शाउनुभएको थियो। उहाँका सामु प्रत्येक व्यक्ति बहुमूल्य थियो। उहाँ आफै परमेश्वरको गरिमामय प्रतिष्ठालाई शिरोपर गर्नुभएको थियो, यद्यपि परमेश्वरको परिवारको हरेक सदस्यलाई करुणा, दया र सम्मान दिएर आफ्नो कोमल चरित्रलाई झुकाउनुभएको थियो। येशुले हरेक व्यक्तिमा अनन्त जीवनका लागि भागीदार हुने लक्षण देख्नु भएको थियो र त्यसको लागि उहाँ अत्यन्त प्रयत्नशील हुनुभएको थियो।"-एलेन जि ह्वाइट, *गस्पल वर्कर्स्,* पृ. ११७।

**चिन्तनमनन**

क. आफ्ना बैरीहरूलाई माया देखाउनु भनेको के हो, त्यसलाई सोच्नुहोस्। व्यावहारिकतामा त्यसको अर्थ के हो? हाम्रो खुलायाम बिरोध गर्ने र हाम्रो नाश चाहनेलाई हामीले कसरी माया र स्नेह देखाउने? आफ्ना बैरीलाई माया देखाउन नसक्ने वा देखाउन असम्भव परिस्थिति पनि हुन्छ? यदि हुन्छ भने कुन परिस्थितिमा होला?

ख. तपाईंको चर्चमा बालबालिकाहरूको अवस्था कस्तो छ? तिनीहरूको आवश्यकताको कसरी पूर्ति भइरहेको छ? चर्चको हैसियतले तपाईंले के असल सुधार गर्न सक्नुहुन्छ जसले गर्दा बालबालिकाहरूको उच्च मनोबललाई टेवा दिन्छ?

ग. कुन रूपमा सस्तो वा रकमी तालको अनुग्रह र प्रेमका बीचमा अलमल हुन सक्दछ? अर्थात् हामीले माया गर्छौं भन्दैमा मानिसहरूको जे पायो त्यो अशोभित र हानिकारक व्यवहारलाई सहेर तिनीहरूलाई छाडा गरेर छोड्नु मनासिव हो? कहिले प्रेमले कडा, अनुशासित, नैतिक लेखाजोखाको अपेक्षा गर्दछ? प्रेमको नाउँमा आचारणलाई लथालिङ्ग नबनाऔं हामीले कस्तो सन्तुलित भूमिका निर्वाह गर्नुपर्दछ? आमाबाबुले माया, प्रेम र स्नेहको

उपर्युक्त पदहरूले परमेश्वरको उल्लेखनीय धीरता अन्त्य हुन गइरहेको पाउँछौं। यद्यपि ती धर्मभिरुहरूले जतिसुकै उहाँको क्रोधलाई गम्भीर रूपले जगाउन खोजे तापनि र तिनीहरूको आचरणले परमेश्वरको रिसलाई लम्ब्याउन खोजे तापनि येशुले पोख्नु भएको क्रोधमा, उहाँको कोमलताको प्रतिविम्ब भएको हामी देख्छौं। आफ्नो प्रेममा उहाँ कडा हुनुहुन्थ्यो, तर उहाँको सदाशयता पनि अपार रूपमा झल्केको थियो। उहाँलाई सुन्नेहरू कतिले आफ्नो गल्ती स्विकारेर उहाँको पछि नआउने आभास उहाँले नपाउनु भएको भए उहाँले यी कडा शब्दहरू उच्चारण गर्नुहुन्थेन होला ।

प्रेरित ६:७ पढ्नुहोस् ।यसमा को “विश्वासमा अडिग भएका थिए" भनेर उल्लेख गरिएको छ? तिनीहरूमा, येशुले अगाडि चेतावनी पाएकाहरूमध्ये कोही थिएनन् होला? त्यसैकारण हामीले तुरुन्तै अरूलाई न्याय गर्नुहुँदैन वा दोष दिनु हुँदैन भन्ने आभास यस अंशमा गराइएकोछ।

**उपसंहार**

अरू जानकारीका लागि पढ्नुहोस्: एलेन जि ह्वाइट, “लाजरस निस्केर आऊ" पृ. ५२४-५३६, “बिफोर आन्नास एण्ड द कोर्ट अभ केफास," पृ. ७१०-७१५, “जुडास्" पृ. ७२०-७२२, *द डिजाएर अभ् एजेज्* । “मानिसहरूलाई प्रभुमा ल्याउन ठूलो कुशलता र विवेकता अपनाउनु पर्दछ। उद्धारकर्ता येशुले सत्यलाई कहिल्यै पनि दबाउनुभएन, तर सधैं प्रेमपूर्वक त्यसलाई उच्चारण गर्नुभएको थियो। अरूसँग पारस्परिक सम्बन्धमा उहाँले अत्यन्त समझदारी अपनाउनु भएको थियो, र उहाँ सधैं दयालु हुनुहुन्थ्यो र अरूलाई राम्रोसँग ख्याल गर्नुहुन्थ्यो। उहाँले कहिल्यै पनि अभद्र व्यवहार गर्नुभएन, बेकारमा कहिल्यै पनि कठोर वचन बोल्नुभएन, र मानिसको संवेदनशीलतालाई कहिल्यै पनि अनावश्यक रूपमा आँच ल्याउनुभएन। निडर भएर ढोंगी र पाखण्डी, अविश्वास र अधर्मी चालाको भण्डाफोर गर्नुभयो, तर जब उहाँले यस्तो



अपहेलना, तिरस्कार र उपेक्षाबाहेक केही दिन सक्दैन। तर येशुले उनलाई आशा, ढाडस र सान्त्वना दिएर उनलाई प्रफुल्ल पार्नुभएको थियो। पापरहित येशु पापीको कमजोर पक्षलाई बुझेर दया र करुणा देखाउनुहुन्छ। जब आडम्बरी फारसी पण्डितहरूले त्यस लज्जित स्त्रीलाई दोष दिँदै थिए, येशु निगाहा गर्दै यस्तो बोल्नुहुन्छ, ‘जाऊ, र फेरि पाप नगर’-एलेन जि ह्वाइट, *द डिजाएर अभ् एजेज्*, पृ. ४६२।

येशुको पक्षबाट यो कस्तो कोमल करुणा, प्रेम, स्नेह र क्षमाशीलता हो यो? प्रभु येशुले त्यस स्त्रीको विषम परिस्थितिलाई यसरी सामना गर्नुभयो, ती दोष दिने तर धर्मका पोसाक लाउने व्यक्तिहरूले फेरि उनलाई छुन आँट गर्न सकेनन् किनभने तिनीहरूको व्यक्तिगत जीवनका बारेमा येशुले सडकको पेटीमा त्यस बिहान जे लेख्नुभएको थियो, त्यसलाई उनले कसरी पढेकी थिइन् सो तिनीहरूले यकिन गर्न सकेका थिएनन्।

येशुलाई षड्यन्त्रमा पार्ने ती आडम्बरीहरूलाई पनि, उहाँले कस्तो प्रकारको सदाशयता देखाएर उनीहरूको सेवा गर्न खोज्नुभएको थियो?

यदि तपाईंले यस कथालाई ध्यानपूर्वक पढ्नुभयो भने खराब मनसायले अभिप्रेरित भएका मानिसहरूलाई पनि येशुले दया र करुणा देखाउनुभएको तपाईं पाउनुहुन्छ। जसरी त्यस अभागी स्त्रीले आफ्नो हृदय येशुको मृदु वचनलाई ग्रहण गर्न खुलाएकी थिई, त्यसरी नै ती पण्डितहरूले पनि आफ्ना हृदय येशुका लागि खुलाएको भए के हुने थियो?

यदि कुनै एडभेन्टिस्ट चर्चले यही परिस्थितिको सामना गर्नु पऱ्यो भने कसरी गर्दछ होला? उच्च नैतिकतालाई प्राथमिकता पनि दिने तर कोही व्यक्ति नैतिक रूपमा पतन भयो भने त्यसलाई कसरी दया देखाई नैतिक आदर्श र मानवताको बीचमा सन्तुलन ल्याउने?

**२ बालबालिकाहरूप्रति येशुको कोमलता (मत्ती १९:१३,१४)**

शताब्दीयौंदेखि पीडाका आघातहरू बालबालिकाहरूले मौन रूपमा सहिरहेका छन्। असहाय र अरूमाथि आश्रित हुनुपरेकाले, तिनीहरू विभिन्न द्वन्द्वका बीचमा होमिरहेका छन् जस्तैः लडाईं र

अन्तरद्वन्द्व, सार्वजनिक दङ्गामा र पारिवारिक कलहमा। यहुदीहरूको समस्यालाई हिंसात्मक रूपमा समाधान गर्न मिश्र देशका राजा फारोहाहरूले बालबालिकाहरू, विशेष गरेर पुरुष शिशुहरूको हत्या गरी आतङ्क मच्चाएका थिए (प्रस्थान १:१५,१६)। र राजा हेरोडले आफ्नो रिसलाई मत्थर गर्न फेरि शिशु बालकहरूलाई नै निर्मम हत्या गरिएको थियो (मत्ती २:१६)। बेबिलोन (आधुनिक इराक)ले इजरायललाई कब्जा गर्ने बेलामा त्यसको प्रथम सिकार बालबालिकाहरू नै थिए, जसको जथाभावी हत्या गरिएको थियो (मत्ती २:१७,१८ लाई यर्मिया ३१:१५ सँग दाँज्नुहोस्)। हेरोडले बालकहरूको कायरतापूर्ण हत्या गरेको बारेमा येशुले आफ्नी आमाबाट काखमा सुन्नुभएको थियो। ती अबोध बालकहरूले उहाँको निम्ति ज्यान गुमाउनुपर्‍यो भन्ने सुन्दा उहाँलाई कस्तो पीडा भएको थियो होला? उहाँले थाहापाउनु भएको यो मर्माहत कहानी कहिल्यै पनि बिर्सनु भएको थिएन होला, किनभने ती निर्दोष नवजात शिशुहरू येशुका लागि मरेका थिए। (उहाँ तिनीहरू कै निम्ति मर्न आउनुभएको थियो; तर उहाँ हुर्केर आफ्नो लक्ष्यलाई सम्पन्न गर्न अघिबाटै ती शिशुहरू उहाँका कारणले क्रूर हेरोडका हातबाट निर्ममतापूर्वक हत्या खेप्नुपरेको थियो)।

देहायका पदहरूले बालबालिकाहरू र शिशुप्रति येशुले कस्तो कोमल प्रेम, स्नेह र सरोकार देखाउनुभएको थियो भनेर बताउँछन्। यी पदहरूले बालबालिकाहरूप्रति येशुको धारणा कस्तो थियो भनेर बताउँछन् किनभने यी पदहरूले हामीबाट उनीहरूले पाउने व्यवहारभन्दा पनि अत्यन्त बढी देखाउँछन्? मत्ती १८:२-६, १९:१३-१५

ती बालबालिकाहरू, जो येशुका काखमा बसेर उहाँको हातले आशीर्वाद पाएकाहुनाले, तिनीहरूको भविष्य कस्तो भयो होला? उहाँको अनुकम्पालाई बालककालमा व्यक्तिगत रूपमा अनुभव गरेकाले उनीहरू ठूलो भएपछि उहाँलाई कसरी सम्झे होलान्? के तीमध्ये कसै-कसैले येशुलाई मसिह भनेर ग्रहण गरे होलान्? र त्यस मायालु प्रभु जसले आफ्ना हातहरू उहाँमाथि राखेर आशीर्वाद दिनुभएको थियो, उहाँ अहिले



**५. इजरालीहरूलाई देखाउनुभएको करुणा (मत्ती २३:३७)**

जेरुसलेम सहरमा हेर्दै येशुले इजरायलीहरूप्रति विस्मात् गर्दै समबोधन गर्नुभयोः "हे येरुशलेम, हे यरुशलेम, तिमीहरूले परमेश्वरको भविष्यवक्ताहरूलाई मार्‍यौ, तिमीहरूको हितका निम्ति पठाएकाहरूलाई ढुङ्गामुढा गर्‍यौ, जसरी कुखुराले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, मैले पनि त्यसरी नै धेरै पल्ट तिम्रा सन्तानहरूलाई बटुल्ने इच्छा गरें, तर तिमीहरूले मानेनौ !"(मत्ती २३:३७)

येशुको चरित्रलाई उपर्युक्त पदले कसरी चित्रण गर्दछ? उहाँका मानिसहरूप्रति परमेश्वरको प्रेम कस्तो थियो भनेर उपर्युक्त पदले प्रकट गर्दछ? परमेश्वरले प्रेम गर्‍यो भन्दैमा त्यसलाई उपभोग गर्न सकिएन भने त्यो कसरी सीमित हुनसक्दछ? यस पदलाई लिएर अरूलाई औँल्याउनुभन्दा पहिला यसलाई मेरै व्यक्तिगत जीवनमा कसरी प्रयोग गर्न सकिन्छ आफै सोच्नुहोस्,?

यदि उपर्युक्त पदलाई मानव भावनाअनुसार सोच्यौं भने चार हजार वर्षसम्म परमेश्वरको सम्बन्ध इजरायलीहरूसँग सुमधुर नभएर निराशमय, निरर्थक र खिन्नताले निरन्तरता पाएको बाहेक अरू विशेष केही थिएन। हो कहिलेकाहीं ती राष्ट्रले परमेश्वरसँगको पारस्परिक सम्बन्धमा उँचाई प्राप्त नगरेको त होइन, जसले गर्दा उहाँलाई खुशी बनाएको थियो, तर तुलनात्मक रूपमा यी समय नगन्य र छोटो अवधि मात्र थिए। अन्त्यमा, उहाँको अपार सहनशीलता र धीरता ती विद्रोही राष्ट्रप्रति ऱ्हास हुँदै गएको थियो, र परमेश्वरले मसिह नआउँन्जेल ४९० वर्षको समयावधि दिनुभयो जसमा तिनीहरू आत्म आलोचना गरेर समर्पित भएर परमेश्वरमा फर्कन सक्दथ्यो (दानियल ९:२४)। त्यो मसिह येशु हुनुहुन्थ्यो; र सुरुदेखि अन्तसम्म उहाँ करूणा, स्नेह, माया र प्रेमले भरिपूर्ण हुनुभएको थियो। उहाँले आफ्नो जीवनमा मानिसहरू प्रति देखाउनुभएको प्रेम, मजबुत र कोमल थियो।

येशुले देखाउनुभएको प्रेम, हल्का नभएर कडा थियो भनेर मत्ती २३:२५-३५ मा कसरी चित्रण गरिएको छ?

भयो, तर हामी पापीहरूलाई तिरस्कार गर्न र दोषी ठहराउनलाई होइन।

सुसमाचारका पुस्तकहरूमा अरू प्रत्यक्ष उदाहरणहरू कहाँ छन् जसमा येशुले आफ्ना शत्रुहरू वा विरोधीहरूलाई प्रेम र सदाशयता देखाउनुभएको थियो? तपाईंको मनमा कुनचाहिँ उल्लेखनीय भएर खडा भएको छ?

उदाहरणस्वरूप, जब पत्रुसले मुख्य पुजारीको कर्मचारीको कान काटिदिँदा आफूलाई समाउन आएका भए तापनि येशुले के गर्नुभएको थियो (लुका २२:५०,५१)? यहुदालाई येशुले उसको मनसाय प्रकट गरेर उसको कठोर हृदय पग्लोस् र पश्चात्ताप गरेर पापबाट फर्कियोस् भनेर अवसर दिनुभएकोमा तपाईं के भन्नुहुन्छ (मत्ती २६:२५)?

आफ्ना शत्रुहरूप्रति देखाउनुभएको महान् र अति उल्लेखनीय प्रेम त जब उहाँ क्रुसमा निर्ममतापूर्वक टाँगिनुहुँदा परमेश्वर पितालाई गर्नुभएको प्रार्थनाले देखाउँछः "पिता, तिनीहरूलाई क्षमा दिनुहोस्, किनभने तिनीहरूले के गरिरहेका छन्, सो थाहा छैन" (लुका २३:३४)। हर प्रकारले भन्ने हो भने, यो नै प्रभु येशुको प्रेमको पराकाष्ठा हो जुन उहाँको प्रेमलाई ग्रहण गर्न अयोग्य भएका मानिसहरूलाई देखाउनुभएको थियो। ती धर्मान्धहरूले के गरिरहेका थिए सो तिनीहरूलाई थाहा नभए तापनि तिनीहरू दोषमुक्त थिएनन्। येशुको जीवनकालभरि नै उहाँ को हुनुहुन्थ्यो र कमसे कम उहाँले पाएका सजाय न्यायसंगत छैन भनेर यहूदी र रोमीहरूलाई थाहा पाउन प्रशस्त अवसर मिलेको थियो। यसको बाबजुद पनि येशुले तिनीहरूलाई प्रेम र सदाशयता देखाउनुभयो।

मुखले आफ्ना शत्रुहरू वा विरोधीहरूलाई माया गर्नुपर्छ भने तापनि त्यसो गरेर देखाउन सहज छैन, न त कसरी देखाउने भन्ने कौतुहलता जगाउन अवसर दिन्छौं। यद्यपि, येशुको जीवन हेरेर यस्तो खालको प्रेम देखाउन के मूल आधार तपाईंका जीवनमा हुनुपर्दछ? तपाईंको बैरी, विरोधी वा अहित रुचाउनेहरूलाई पनि प्रेम र सदाशयता देखाउन तपाईंको जीवनमा के रूपान्तर हुनुपर्दछ?



सर्वोच्च स्वर्गमा तिनीहरूको हितका निम्ति सेवा गरिरहनुभएको छ भन्ने ज्ञानलाई तिनीहरूले कसरी लिए होलान्? येशुको स्पर्शको अनुभव गर्दा उनीहरूमा कस्तो गहिरो छाप पऱ्यो होला र उहाँको मृदु बोलीले उनीहरूको जीवनमा कस्तो आशा पलाइरहेको थियो होला? राजनीतिक नेताहरू बच्चाहरूलाई म्वाइँ खान्छन् ताकि ती शिशुहरूका आमाबाबुले उनीहरूलाई जिताउन भोट हालून्। तर येशुले उनीहरूकै हितका लागि ती बालबालिकाहरूलाई माया गर्नुभएको थियो। "बालबालिकाहरू मकहाँ आउन देओ," आफूलाई सुरक्षा दिने चेलाहरूलाई हप्काउँदै भन्नुभयो, "मकहाँ आउनबाट नरोक, किनभने परमेश्वरको राज्य यस्तैहरूका लागि हो" (मत्ती १९:१४)।

के तपाईंको मातहतमा कोही बालबालिकाहरू छन्? तिनीहरूले तपाईंबाट कस्तो व्यवहार पाइरहेका छन्? तपाईं देखेपछि डरले हच्किन्छन् वा तपाईंको उज्यालो अनुहार वा स्नेही प्रभावको छापमा परेर तिनीहरू तपाईंकहाँ आउँछन्? तिनीहरूलाई तपाईंले कसरी व्यवहार गर्नुहुन्छ सो होसियारीसाथ सोच्नुहोस्। तपाईंतिर तिनीहरूको प्रभाव सकारात्मक हुन दिन र आफूतिर तान्न तपाईंले कस्तो कदम चाल्नुपर्दछ?

### ३. लाजरसका परिवारलाई देखाउनुभएको स्नेह (युहन्ना ११:५)

बेथानीमा रहेका लाजरसका परिवारका बारेमा हामीलाई धेरै ज्ञान छैन। सुसमाचारका पुस्तकहरूले उनीहरूका बारेमा थोरै मात्र उल्लेख गरेको पाउँछौं। तर हामीले यो यकिन गर्न सक्दछौं, ती तीन जना अविवाहित दाजु वा भाइ र दिदीबहिनीहरू हुन् जसले घरलाई सम्हालिराखेका थिए। यहूदी परिवारमा यसरी अविवाहित भएर बस्ने त्यस्तो चलन त थिएन, यद्यपि जब बेथानी सहरमा जानु हुँदा प्रायजसो यसै परिवारकहाँ येशु बराबर जानुहुन्थ्यो र आफ्नै घर जस्तो गर्नु हुन्थ्यो। युहन्नाले यसरी हामीलाई सूचित गरेको छ, "येशुले मार्था र उनकी बहिनी (मेरी) र लाजरसलाई (दाजु वा भाइ) माया गर्नुहुन्थ्यो।" युहन्ना ११:५।

लुका १०:३८-४२ पढ्नुहोस्। यसमा लेखिएको वृत्तान्तले ती दिदीबहिनीहरूले येशुलाई कुन रूपमा सत्कार गरेका थिए भनेर आभास पाउनुभएको छ? मार्थाको गुनासोलाई येशुले कसरी जवाफ दिनुभयो त्यस जवाफमा तपाईंले के शिक्षा पाउनुपर्ने तत्त्वहरू पाउनुभएको छ? यहाँ पनि येशुले कसरी आफ्नो कोमलता, स्नेह, दया र माया देखाउनु भएको छ?

"मेरी बहिनीलाई मलाई सघाउन पठाई दिनुहोस न" भन्ने अनुरोध न्यायोचित नै देखिन्छ। पुर्वीय सभ्यता वा समाजमा अतिथि सत्कारको ठूलो महत्त्व हुन्छ र त्यस सत्कारको केन्द्रविन्दु भनेको खाना हो। त्यसलाई राम्ररी तयार गर्नु आतिथ्यकर्ताको गौरव हो। हुनसक्छ त्यो परिवार विपन्नवर्ग भएकाले नोकर चाकर राख्न सकेको थिएन, त्यसकारण मार्थालाई मेरीको मद्दतको आवश्यकता थियो। यस सन्दर्भमा येशुले जुन जवाफ मार्थालाई दिनुभयो, झट्ट हेर्दा विचित्र रूपमै उपेक्षित जवाफजस्तो देखिन्छ।

तर हामीले सतहभन्दा गहिरिएर जाँदा येशुको लक्ष्यलाई व्यापक आयामबाट हेर्न सक्यौं भने येशुको प्रतिक्रियालाई बुझ्न सक्षम हुन सक्दछौं। येशुका लागि कुनै कुरा पनि साधारण वा मामुली थिएन, आफ्नै आमाबाबुले येशु मन्दिरमा हराउनुभएको बेलामा उहाँको यो यथार्ततालाई भेट्टाउनुभएको थियो (लुका २:४८,४९)। हामीसँग हरेक मिनेट येशुका लागि महत्त्वपूर्ण थियो किनभने मानिसका निम्ति यो जीवन र मरणको सवाल थियो। यस परिवेशमा जतिसुकै भान्साको काम महत्त्वपूर्ण भए तापनि येशुको उपस्थिति र उहाँको वचन सुन्न प्राथमिकता हुनुपर्दथ्यो।

मार्थाप्रति असंवेदनशील वा असहानुभूतिक देखेकोमा उहाँप्रति भ्रम पैदा हुन सक्दछ। तर कुराचाहिँ यसको विपरीत छ। सुसमाचारका पुस्तकले त्यहाँ के-के भयो भनेर भिडियोबाट चित्रण गरेको देखाउँदैन। येशुले मार्थालाई जवाफ दिनुहुँदा उहाँको अनुहार कस्तो थियो, सो हामीलाई थाहा छैन। उहाँको आवाजमा मार्मिक वेदनालाई सुन्न सक्दैनौं



यद्यपि, अन्त लेखिएको येशुका चालअनुसार हामी यो कल्पना गर्न सक्दछौं, उहाँले आफ्नो स्थानबाट उठेर भान्सामा गएर सघाउँदै स्नेही आवाजमा मार्थालाई भन्नुभयो, "मार्था जीवनमा खानपिन र सत्कारभन्दा अत्यन्त महत्त्वपूर्ण कुरालाई ध्यान दिनुपर्छ जुन मेरीले भेट्टाएकी छिन्" (लुका १०:४१,४२)। त्यसै बेला मेरीले मार्थालाई सघाउन गइनन् भन्ने कहाँ लेखिएको छ र?

तपाईं पनि मार्था जस्तै सांसारिक चिन्तामा अति व्यस्त भएर जीवन मरणको कुरालाई ध्यान दिन फुर्सद नभएको हुनुभएको छ? अझ उल्लेखनीय कुरा त, तपाईंको जीवनमा दिनुभएको ग्राह्यता ठीक छ कि छैन भनेर कसरी मूल्याङ्कन गर्नुहुन्छ?

## ४. येशुलाई लुछाचुँड गर्न चाहने शत्रुहरूप्रति पनि कोमलता देखाउन निर्देशन (मत्ती ५:४४-४८)

येशुका धेरै उल्लेखनीय कथनहरूमा मत्ती ५:४४-४८ लाई पनि अति महत्त्वपूर्ण मानिएको छ। यसमा लेखिएको उहाँको सन्देश पढ्नुहोस्। येशुको भक्त हुँ भनेर दावी गर्नेहरूले यसलाई आत्मसात् गर्नु किन महत्त्वपूर्ण मान्नुपर्दछ? यसमा के यस्तो तत्त्व छ जसले येशुका जन र उहाँको पथमा हिँड्न नचाहनेको बीचमा भिन्नता झल्किएको छ?

येशुको सम्पूर्ण जीवन र मृत्युसम्मै उहाँले यस सिद्धान्तलाई अपनाउनुभएको थियो भनेर दावी गर्न सक्दछौं। तपाईंको भलाइ नखोज्ने वा तपाईंको नाश खोज्ने शत्रुहरूलाई पनि प्रेम गर्नुपर्छ भनेर येशुको आफ्नै जीवनबाट चरितार्थ गरेर देखाउनुभएको छ।

आदम र हव्वाको पतनपछि सम्पूर्ण संसार नै शत्रुको क्षेत्र भने पनि हुन्छ, किनभने यहाँ यसमा पतित मानिसहरू र परमेश्वरको विद्रोह गरिरहने जातिहरूको हालिमुहाली भइरहेको छ। यस विद्रोही ग्रहलाई परमेश्वरले के गर्नुभयो त? के उहाँले स्वर्गदुतहरू वा आफ्ना परीहरूलाई पठाएर यस संसारका पापीहरूलाई पापको मुखबाटै नाश गर्नुभयो त? अहँ, बरु उहाँले येशुलाई पठाउनुभयो, आफ्नो एक मात्र पुत्र जो यस संसारलाई उद्धार गर्न पापको चक्रव्यूहबाट छुटाउन आउनु